# शिलवन्दी बोलपत्र आह्वानको सूचना

# गौरीगञ्ज गाँउपालिकाको कार्यालय

## गौरीगञ्ज झापा

**बोलपत्र आह्वान**

प्रथम पटक प्रकाशित मिति २०७५/१०/०९

यस गौरीगञ्ज गाउँपालिकाको कार्यालय अन्तर्गत निम्न बमोजिमका निर्माण कार्यहरु बोलपत्रद्धारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रीतपूर्वकको शिलवन्दी बोलपत्र आव्हान गरिन्छ।

१) बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र बापत तपसिलमा तोकिएको रकम (फिर्ता नहुने गरी) बुझाई आ.व. २०७४/२०७५ सम्म मान्य भएको जमानत प्रमाणपत्र,आयकरको स्थायी नम्बर (PAN) लिएको र मु.अ.का.मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी, ईच्छुक बोलपत्र दाताले लिखित निवेदन दिई यस गौरीगञ्ज गाउँपालिकाको कार्यालय ,झापा बाट कार्यालय समय भित्र बोलपत्र सम्वन्धी कागजात (Tender Document) खरिद गर्न सकिनेछ ।

२) खरिद भएका बोलपत्रहरु प्रस्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहि छाप गरी, सिलवन्दी गरी खाम बाहीर फर्मको नाम, ठेगाना र कामको नाम प्रस्टसँग लेखि मिति २०७५/१०/२४ गतेको दिन १२:०० वजे भित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु वा प्रतिनिधीहरुका रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

३) बोलपत्र साथ धरौटी वापत लागत ईष्टिमेट अंकको वा कवुल अंकको ३ %(तिन प्रतिशत भ्याट सहित) ले हुने जमानत बापतको रकम एन.आइ.सी बैंक गौरीगञ्ज स्थित यस कार्यालयको धरौटी खाता नं. ***87CA502258524003*** मा जम्मा गरेको भौचर वा सो रकम बरावरको यस कार्यालयको नाममा जारी गरीएको (बोलपत्र खोलेको मितिले कम्तीमा ७५ दिन अवधि भएको)जमानत(Bid Bond) पेश गर्नुपर्नेछ ।

४) बोलपत्र शर्त रहित, केरमेट नभएको, यस कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थप घट वा द्रष्टव्य नलेखेको हुनु पर्ने छ, समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कारबाहि हुने छैन ।

५) बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्रोसंग बुझि, हेरी साइट निरिक्षण गरी बोलपत्र/दरभाउपत्र भरेको मानिने छ ।

६) एक व्यक्ति वा फर्मको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

७) बोलपत्र सम्वन्धी कागजात दाखिला गर्दा निम्न कुराहरु खुलाउनु पर्नेछ । अन्यथा बोलपत्र मान्यता हुने छैन । (क) प्रस्तावित कार्यको लागि आवश्यक अनुभव (ख) जनशक्तिको कार्य दक्षता र योग्यता (ग) आर्थिक दक्षताको विवरण (घ) आवश्यक प्राविधिक मालसामान तथा उपकरणको विवरण (ङ) निर्माण कार्य तालिका

८) संयुक्त उपक्रम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा आर्थिक प्रशासन ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

०९) बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१०) बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

११) कुनै पनि कारण जनाइ वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने,वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२) बोलपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ ।

१३) यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमावली २०६४ बमोजिम हुनेछ ।

१४) यस सूचनामा कुनै संशोधन भएमा त्यसको जानकारी यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१५) कामको विवरण निम्न अनुसारको छ ।

| सि. नं. | ठेक्का संकेत नं. | कामको विवरण | ल.ई रकम (भ्याट सहित) | धरौटी रकम रु. | दस्तुर | बोलपत्र पाईने स्थान |
|---|---|---|---|---|---|---|
| १. | W/SCB 03/2075-076 | सुनिता पाशवानको टोलको खोल्सीमा स्लाब कल्भर्ट / वडा नं १ | ११,६८,९५४।०६ | कबोल अंकको ३ % | १,०००।- | गौरीगञ्ज गा.पा |
| २ | W/SCB 04/2075-076 | आमगाछि जाने सडकको,चन्द्रमोहन सिंह राजवंशी खेत अगाडिको सडकमा स्लाब कल्भर्ट निर्माण / वडा नं २ | ११,६८,९५४।०६ | कबोल अंकको ३ % | १,०००।- | गौरीगञ्ज गा.पा |
| ३ | W/SCB 05/2075-076 | पाराखोपी लालमाटि जाने बाटोको चिया बगान पुर्व कल्भर्ट (क) निर्माण / वडा नं २ | ११,६८,९५४।०६ | कबोल अंकको ३ % | १,०००।- | गौरीगञ्ज गा.पा |
| ४ | W/SCB 06/2075-076 | पाराखोपी लालमाटि जाने बाटोको चिया बगान पुर्व कल्भर्ट (ख) निर्माण / वडा नं २ | ११,६८,९५४।०६ | कबोल अंकको ३ % | १,०००।- | गौरीगञ्ज गा.पा |
| ५ | W/SCB 07/2075-076 | कृष्ण ताजपुरिया घर पुर्व लेहेरा खोलामा कल्भर्ट निर्माण / वडा नं ४ | ११,६८,९५४।०६ | कबोल अंकको ३ % | १,०००।- | गौरीगञ्ज गा.पा |
| ६ | W/SCB 08/2075-076 | मिलन चौक उत्तर विस्फोट चौक देखि आमगाछि जाने सडक स्तर उन्नती / वडा नं २ | १९,४३,९१२।९० | कबोल अंकको ३ % | १,०००।- | गौरीगञ्ज गा.पा |
| ७ | W/SCB 09/2075-076 | कृष्ण महतोको घर देखि दुर्गा मन्दिर हुदै भारतको सिमाना सम्म सडक स्तरोन्तरी / वडा नं ६ | १९,४६,२२७।३६ | कबोल अंकको ३ % | १,०००।- | गौरीगञ्ज गा.पा |